# ७ औं

# वार्षिक साधारण सभा प्रतिवेदन

## २०६६/२०६७

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
## National Co-operative Bank Ltd.

पो.ब.नं. ८९७५, इपीसी २७११, बानेश्वर, काठमाण्डौ
फोन नं.: ४४६११०७, २११०१३७, फ्याक्स: ००९७७-१-४१०४१५०
E-mail: coopbank@wlink.com.np

"सहकारी संघ/संस्थाहरुको प्रबर्द्धन, विकास एवं बैकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सल्लाहकारहरु


श्री केशव बडाल


श्री दीपकप्रकाश बाँस्कोटा


श्री केशव नेपाल


डा. हरिकृष्ण उपाध्याय


श्री विष्णु बहादुर के.सी


प्रा.डा. विश्वम्भर प्याकुरेल


श्री भागवत कृष्ण श्रेष्ठ

## अध्यक्ष


श्री रमेश प्रसाद पोखेल
(प्रतिनिधी–स्टार बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर)

## प्रबन्ध संचालक


श्री के. बी. उप्रेती
(प्रतिनिधी–जनता बहुउद्देश्यीय सहकारी संस्था लि. सोह्रखुट्टे, काठमाडौं)

## लेखा समिति संयोजक


श्री कुलचन्द्र अधिकारी
(प्रतिनिधी–जिल्ला सहकारी संघ लि. काभ्रे)

## लेखा समिति सदस्यहरु


श्री रामबहादुर जि.सी.
(प्रतिनिधी– रेश बहुउद्देश्यीय स. संस्था लि., बागलुङ)


श्री कुमार खत्री
(प्रतिनिधी–कल्याणकारी व. तथा स. संस्था लि., लुभु, ललितपुरस.

## संचालक सदस्यहरु


श्री राजेशहरि जोशी
(प्रतिनिधी–मकवानपुर व. तथा ऋ. स. सं. लि. हेटौंडा)


डा. विदुर कुमार चालिसे
(प्रतिनिधी–स्तुपा स्वास्थ्य सेवा स. संस्था लि. बौद्ध, काठमाडौं)


श्री गणेशप्रसाद बस्नेत
(प्रतिनिधी–मेची स. संस्था लि. दमक, झापा)


श्री रामशरण शर्मा घिमिरे
(प्रतिनिधी– कर्मणा व. तथा ऋ. स. संस्था लि. सातदोबाटो, ललितपुर)


श्रीमती सरिता भट्टराई
(प्रतिनिधी– महिला अभियान व. तथा ऋ. स. संस्था लि., बालकोट, भक्तपुर)


श्री हरिहरनाथ योगी
(प्रतिनिधी– जनहितकारी व. तथा ऋ. स.सं. लि. विरेन्द्रनगर, सुर्खेत)


श्री मुकुन्द दाहाल
(प्रतिनिधी–ज्योती बहु. स. संस्था लि., काभ्रे)


श्री सुदर्शन प्रसाद ढकाल
(पदेन संचालक रजिष्ट्रार, सहकारी विभाग)


श्री विजयराज घिमिरे
(पदेन संचालक राष्ट्रिय सहकारी संघ लि.)

## आमन्त्रीत सदस्यहरु


श्री रवी किरण ढकाल
(प्रतिनिधी– शुभश्री को–अपरेटिभ लि. पुतलीसडक)


श्री देवराज पराजुली
(प्रतिनिधी–सगरमाथा सहकारी संस्था लि., कुपण्डोल)


श्री ज्योती प्रसाद शैंजु
(प्रतिनिधी–चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि., बनेपा

"नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोबार गर्न स्वीकृती प्राप्त संस्था" द.नं. ०१/५५/(सहकारी बैंक)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
# NATIONAL CO-OPERATIVE BANK LIMITED

च.नं. १५६-०६७/६८ मिति :-२०६७/६/२७

श्री ........................................................ सहकारी संघ/संस्था लि.

........................................................

विषय :- वार्षिक साधारणसभामा भाग लिन आउनेबारे ।

यस बैंकको संचालक समिति निर्णय अनुसार बैकको सातौ वार्षिक साधारणसभा उल्लेखित विषयहरू उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा त्यस संघ/संस्थाको तर्फबाट एकजना प्रतिनिधि मनोनयन गरी पठाई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

छलफलका विषयहरू :

१) संचालक समितिको तर्फबाट बैंकका अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन,
२) बैंकका प्रबन्ध संचालकबाट प्रस्तुत प्रगति प्रतिवेदन,
३) आ.ब. ०६६/६७ को प्रस्तुत लेखापरीक्षण प्रतिवेदन,
४) लेखा समितिको प्रस्तुत प्रतिवेदन,
५) आ.ब. ०६७/६८ को प्रस्तुत प्रस्तावित बजेट तथा कार्यक्रम,
६) प्रस्तावित लाभांश वितरणको अनुमोदन,
७) आ.ब. ०६७/६८ को लागि लेखा परीक्षकको नियूक्ती तथा निजको पारिश्रमिक,
८) विनियम संशोधन,
९) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट १/१ जना प्रतिनिधि तोक्ने,
१०) विविध ।

## कार्यक्रम

मिति : २०६७ साल पौष २४ गते, शनिवार ।
समय : विहान १०:०० बजे ।
स्थान : वनेपा पार्टी भेन्यू, वनेपा-६, काभ्रे ।
(मयूर चलचित्र मन्दिर अगाडी)

## साधारणसभा सम्बन्धी अन्य आवश्यक जानकारीहरू :-

१. साधारणसभामा भाग लिन आउने प्रतिनिधिले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचय पत्र लिएर आउनु पर्नेछ ।
२. एक व्यक्ति एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाउने छ ।
३. साधारणसभामा भाग लिन आउने सदस्य संघ/संस्थाका प्रतिनिधिहरुको सुविधाको लागि विहान ८.०० बजे देखि नै हस्ताक्षर गर्न साधारणसभाको उपस्थित पुस्तिका खुल्ला राखिने छ ।
४. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुको यातायात तथा आवास लगायत सम्पूर्ण खर्च सम्बन्धित संघ/संस्था आफैले व्यवस्था गर्नु पर्नेछ ।

(के. बी. उप्रेती)
प्रबन्ध संचालक

Baneshwor, Kathmandu, Nepal, Tel: 977-1-4461907, 2110137, Fax: 00977-01-4104150, E-mail: coopbank@wlink.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका शाखा तथा उपशाखा कार्यालयहरु

| क्र स | शाखाकार्यालयको नाम | प्रमूखको नाम | ठेगाना | फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय सहकारी बैंक लि. केन्द्रीय कार्यालय | के. वी . उप्रेती | नयाँबानेश्वर | ४४६१९०७ | ४१०४१५० |
| २ | राष्ट्रिय सहकारी बैंक लि.- विराटनगर | भरत कु. चिमरिया - ९८४२०४६४०२ | विराटनगर, मोरङ्ग | ०२१-४७०८९८ | ०२१-४७०१५३ |
| ३ | राष्ट्रिय सहकारी बैंक लि बागलुङ | प्रकाश सापकोटा - ९८४७६७४३०९ | गोदामचोक, बागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ |
| ४ | राष्ट्रिय सहकारी बैंक लि., बुटवल | नरेश पाण्डे- ९८४७०४८६९९ | बुटवल, रुपन्देही | ०७१-५४०८०४ | ०७१-५४०८०४ |
| ५ | राष्ट्रिय सहकारी बैंक लि. पोखरा | सन्तोष घिमिरे - ९८४६०८७४२२ | पोखरा उमनपा-११, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ |
| ६ | राष्ट्रिय सहकारी बैंक लि. चापागाउ | युवराज पाण्डे- ९८४१४५६५८४ | चाँपागाउ, ललितपुर | ५५७४५८४ | ५५७४५८४ |
| ७ | राष्ट्रिय सहकारी बैंक लि. दमौली तनहुँ | विकासराज खनाल- ९८४६०५५८१० | दमौली, तनहुँ । | ०६५-५६२२५२ | ०६५-५६२२५२ |
| ८ | राष्ट्रिय सहकारी बैंक लि., बिर्तामोड | सविना बस्नेत- ९८४२६७०८८६ | बिर्तामोड, झापा। | ०२३-५४०६३३ | |
| १ | राष्ट्रिय सहकारी बैंक लि. हेटौंडा मकवानपुर | रमिला मास्के- ९८४५०५७४९८ | हेटौंडा, मकवानपुर । | ०५७-५२०६१४ | ०५७-५२५४०४ |
| २ | राष्ट्रिय सहकारी बैंक लि सुर्खेत | हिरा सुनार- ९८४८०४९०५५ | विरेन्द्रनगर, सुर्खेत । | ०८३-५२५२२९ | ०८३-५२५२२९ |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. इटहरी, सुनसरी | रुपेश जोशी - ९८४२०३५७५४ | इटहरी, सुनसरी | ०२५-५८५८१२ | ०२५-५८७२३८ |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. स्याङ्जा | योगेश पाण्डे- ९८४६०८६५८४ | वालिङ, स्याङ्जा | ०६३-४४०२३८ | ०६३-४४०२२९ |
| ५ | राष्ट्रिय सहकारी बैंक लि. नुवाकोट | बैकुण्ठ भिश्र- ९७४११९१४२८ | विदुर, नुवाकोट | ०१०-५६०९६६ | ०१०-५६०९६६ |
| ६ | राष्ट्रिय सहकारी बैंक लि. दाङ | अमर वली- ९८५७८३०५५७ | घोराही, दाङ | ०८२-५६०९३६ | ०८२-५६१७५१ |
| ७ | राष्ट्रिय सहकारी बैंक लि. ललितपुर | मोहन कार्की- ९८५१०३८५१५ | लगनखेल, ललितपुर | ५५२९८७९ | ५५२९८७९ |
| ८ | राष्ट्रिय सहकारी बैंक लि. गोंगबु | विनोद भट्टराई- ९८४१६६८१३१ | गोंगबु, काठमाडौं | ४३६४६३४ | ४३६४६३४ |
| ९ | राष्ट्रिय सहकारी बैंक लि.काभ्रे | राजेन्द्र प्र प्याकुरेल- ९८४१२९९४३५ | बनेपा, काभ्रे | ०११-६६११२७ | ०११-६६११२७ |
| १० | राष्ट्रिय सहकारी बैंक लि., दोलखा | हेमन्त चौलागाई- ९७४४०३४०२४ | भिमेश्वर न.पा.१ ,चरिकोट । | ०४९-४२१८७३ | ०४९-४२१८७३ |
| ११ | राष्ट्रिय सहकारी बैंक लि., उर्लावारी, विराटनगर | विपिन- ९८४२२४९७७६ | उर्लावारी, मोरङ । | ०२१-५४१८६५ | |

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको सञ्चालक समितिका तर्फबाट
# अध्यक्ष रमेशप्रसाद पोखरेलद्वारा प्रस्तुत
# वार्षिक प्रतिवेदन २०६७

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सातौं वार्षिक साधारणसभाका आदरणीय प्रमुख अतिथिज्यू, बैंकका सल्लाहकारज्यूहरु, विशिष्ठ अतिथिज्यहरु, अतिथिज्यूहरु, मञ्चमा आसिन विशिष्ट पाहुनाहरु, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, विभिन्न उपसमितिका पदाधिकारीहरुज्यूहरु, बैंकको शेयर खरिद गरी देशको विभिन्न भू-भागका सहकारी संघ/संस्थाहरुबाट पाल्नु भएका यस बैंकका शेयर सदस्य प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु, सभामा उपस्थित सम्पूर्ण महानुभाव तथा पत्रकार बन्धुहरु सवैमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादनका साथै हार्दिक स्वागत गर्दछु ।

**आदरणिय प्रतिनिधिज्यूहरु,**

राष्ट्रिय सहकारी बैक लिमिटेड सम्पूर्ण सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवं तिनीहरुको वित्तीय आवश्यकतालाई पूरा गरी ती संघ/संस्थाहरुलाई बैकिङ्ग सेवामा पहुँच दिन तथा अन्य वित्तीय सेवा सुविधाहरु उपलब्ध गराई सहकारी क्षेत्रलाई सहयोग पुऱ्याउने उदेश्यले राष्ट्रिय सहकारी संघ लिमिटेडको विषेश पहलमा नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभागमा मिति २०६० आषाढ २५ गते दर्ता भएको सहकारी क्षेत्रको एक मात्र बैंक हो । यस बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरु बीच मिति २०६१/४/१९ गतेदेखि कारोवार गर्दै आएको कुरा यहाँहरुलाई अवगत नै छ । यस बैंकलाई मिति २०६७ श्रावण १० गते नेपाल राष्ट्र बैंक बाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृती प्राप्त भएको छ । हाल बैंकमा नेपाल सरकार, राष्ट्रिय सहकारी विकाश वोर्ड, राष्ट्रिय सहकारी संघ लि. केन्द्रीय सहकारी संघहरु, विभिन्न जिल्ला सहकारी संघहरु, विषयगत जिल्ला सहकारी संघहरु, विभिन्न प्रकृतीका प्रारम्भिक सहकारी संस्थाहरु समेत २५०० सदस्य आवद्ध रहेका छन ।

**आदरणीय प्रतिनिधिज्यूहरु,**

बैंकले आफ्नो कारोवारको शुरु देखि नै देशभरि स्थापना भएका सबै प्रकृतीका सहकारी संघ, संस्थाहरुको केन्द्रीय बैंकको रुपमा रुपान्तरण गर्दै देशको विभिन्न क्षेत्रमा शाखा विस्तार गर्ने र बैंकिङ्ग पहुँच बाट वन्चित सवै सहकारीहरुमा सेवा पुऱ्याउने योजना मुतावीक हाल ६४ जिल्लाका सहकारीहरुले यस बैंकको सदस्यता प्राप्त गरी सकेका र अन्य बाँकी ११ जिल्लामा पनि बैंकको सदस्य बनाउने कार्य भई रहकोछ । बैंकका हाल सम्म १९ वटा शाखा/उपशाखा कार्यालयहरु स्थापना भई अन्य स्थानहरुमा पनि शाखा/उपशाखाहरु खोल्ने स्वीकृती प्राप्त गरी स्थापनाको लागि कार्यहरु भईरहेकोछ । ग्रामीण क्षेत्रमा समेत कारोवारको पहुँच पुग्ने गरी शाखा विस्तार गर्दै लैजाने बैंकको नीति रहेको छ ।

## देशको समष्टिगत आर्थिक अवस्था

मुलुक अहिले राजनैतिक अस्थिरताका कारणले आर्थिक संक्रमणको अवस्थामा रहेको छ । कृषि उत्पादनमा क्रमिक ह्रास आएको छ । औद्योगिक शिथिलता र आर्थिक वृद्धिदर न्यून हुनका साथै बजारमा विगत देखिको निरन्तर तरलताको अभावका कारण भूक्तानि संतुलनमा ठूलो चाप परेको छ । वर्तमान अवस्थामा उच्च आर्थिक वृद्धि हासिल गरी गरिवी न्यूनिकरण गर्ने दिशामा उपयूक्त वातावरणको निर्माण हुन सकेको छैन । बिगतमा अमेरीका लगाएत युरोपका धनि राष्ट्रहरुबाट शुरु भएको आर्थिक मन्दीबाट संसार अछुत नरहे पनि भारत, चीनले भने उच्च मात्रमा आर्थिक वृद्धीदर कायम राख्न सफल भएका छन् । छिमेकी मुलुकबाट हामीले जति लाभ लिनु पर्ने हो सो हुन सकेको छैन् । नेपाल जस्तो न्यून आर्थिक वृद्धिदर भएको मुलुकले यसको निवारणको लागि सहकारीताको व्यवसायीक प्रयोगमा जोड दिनुपर्नेमा सो को पनि उचित व्यवस्थापन हुन सकेको छैन । सहकारी, पर्यटन र औद्योगिक क्षेत्र गरिबि निवारणका लागि प्रयोग गरिनु पर्ने अत्यावश्यक क्षेत्रहरु हुन र यस क्षेत्रको प्रबर्द्धनमा सबै पक्षको जोड पुग्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

आर्थिक वर्ष २०६६/२०६७ को समिक्षा अवधिमा अघिल्लो आर्थिक वर्षको तुलनामा कुल गार्हस्थ उत्पादन ३.५ प्रतिशतले मात्र बढेको अनुमान गरिएको छ । भारत तर्फको निर्यात व्यापारमा २.२ प्रतिशत र अन्य मुलुकको निर्यातमा २१.३ प्रतिशतले ह्रास आएको छ । यसको प्रमुख कारण भनेको उर्जा संकट, राजनैतिक अस्थिरता र बन्द, हड्ताल आदि नै हुन । यसरी निर्यातमा ह्रास आउनु र अन्य मुलुकको आयातमा वृद्धि हुन गई असन्तुलन भएकोले देशको समग्र व्यापारमा ठूलो घाटा हुन गएकोछ । जसको प्रभाव स्वरुप प्रत्यक्ष रुपमा विदेशी मुद्राको संचितीमा व्यापक कमि आएको छ । गत आ.व. को तुलनामा यस आ व २०६६/६७ मा मुद्रास्फीर्तिमा सामान्य सुधार आएको अवस्था छ । मुलुकका ७५ जिल्लामा स्थापना भएका करिव २१ हजार सहकारी संघ/संस्थाहरु र राष्ट्रिय सहकारी बैंकले करिव ७५ अर्व बराबरको पूँजि परिचालन गरेको अनुमान गरिएको छ । सहकारी क्षेत्रले विकास बैंकहरु र (ग) वर्गका वित्त कम्पनीहरुको हाराहारीमा कारोवार गर्न सफल भएका छन् । सहकारी क्षेत्रमा लगातार रुपमा निक्षेप तथा कर्जामा भएको वृद्धिलाई सुरक्षित तवरले अवतरण गराउँदै समग्र देशको राष्ट्रिय अर्थतन्त्रमा समाहित गराउनको लागि पनि सहकारी बैंकको भूमिका महत्वपूर्ण रहेकोछ । अर्को तर्फ बैंकहरुको सुरक्षित निक्षेपको व्याजदर २०६६ को तुलनामा २०६७ मा ९.५० प्रतिशत बाट बढेर १३ प्रतिशत पुगेको छ । घर जग्गाको कारोवारमा आएको कमी लगायतका कारणले बजारमा तरलताको अभाव अझ बढ्न सक्ने अनुमान गरिएको छ । यस अवस्थामा सहकारीहरुले थप सचेत रहेर व्यवसायिकताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

## बैंकका मुख्य उदेश्यहरु :-

क. सहकारीका सदस्य संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिकस्तर माथि उठाउन सहयोग पुऱ्याउने ।

ख. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति निर्देशन र ऐनको अधिनमा रही बैकिङ्ग करोवार संचालन गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ/संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी अभियानलाई सहयोग पुऱ्याउने ।

ग. पूँजि अभाव भएका सहकारी संघ/संस्थाहरुलाई कर्जा स्वरुप पूँजि सहयोग गरी व्यवसायिक बनाउने र क्रमश: पूँजीमा आत्मनिर्भर गराउदै लैजाने ।

## बैंकले संचालन गर्दै आएका कार्यहरु :-

बैंकले आफ्ना मुख्य उदेश्यहरुलाई परिपूर्ति गर्न निम्न कार्यहरु संचालन गर्दै आएको छ :-

- कर्जा तथा निक्षेप तर्फका उत्कृष्ट एक/एक सदस्य सहकारी संस्थालाई सम्मान गर्ने ।
- कर्जा तथा निक्षेपमा लिने/दिने व्याज दरमा समय सापेक्ष प्रतिस्पर्धात्मक परिर्वतन गर्ने ।
- खुल्ला प्रतिस्पर्धाद्धारा सक्षम कर्मचारीहरुको छनौट, तथा पुराना कर्मचारीहरुलाई कार्यदक्षतामा अभिवृद्धि गराई बढुवा तथा पुरस्कारको व्यवस्था गर्ने ।
- बैंकले निर्धारण गरे बमोजिमको मापदण्ड पूरा गरेका सहकारीहरुलाई विना धितो कर्जा दिने ।
- बैकले निर्धारण गरेबमोजिम पूर्वाधार तयार भएका स्थानहरुमा शाखा स्थापना गर्ने ।
- निरन्तर रुपले शेयर तथा निक्षेप वृद्धि कार्यक्रमलाई कार्यान्वयन गर्ने ।
- नेपाल राष्ट्र बैंकबाट तोकिए बमोजिमका अन्य बैंकिङ्ग कार्यहरु गर्ने ।
- बैंकका गतिविधिहरुलाई तिव्रता दिन र सूचना प्रणालीलाई चुस्त, दुरुस्त बनाउन शिक्षा, तालीम र आन्तरिक सूचना प्रणालीलाई व्यवस्थीत गर्ने ।
- बैंकको आन्तरिक श्रोत, साधन र राष्ट्रिय सहकारी संघ, सहकारी विभाग तथा अन्य निकायहरुको सहयोगमा संचालक समिति, लेखा समिति, अन्य उपसमिति र कर्मचारीहरुलाई आवश्यक क्षमता विकासका लागि आन्तरिक तथा वाह्य अवलोकन भ्रमण, शिक्षा तथा तालीम कार्यक्रममा सहभागी गराईने ।

- बैंकमा कार्यरत कर्मचारीहरुलाई समयानुकूल दक्ष र प्रतिस्पर्धी बनाउदै लैजाने लक्ष्य अनुरुप विभिन्न प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीमहरु लिने व्यवस्थाको साथै नेपाल सरकारको नीति अनुसारको तलब तथा अन्य सुविधाहरुमा वृद्धि गर्दै लगिनेछ ।
- बैकलाई संस्थागत सुशासनमा राखी पारदर्शी ढंगले संचालन गर्न नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, नेपाल राष्ट्र बैंक एवं अन्य नियमनकारी निकायहरुबाट समय समयमा तोकिएका र जारी भएका नीति, नियम र निर्देशनहरुलाई कडाईका साथ पालना गर्ने र भविष्यमा समेत परिपालन गर्दै अगाडी बढ्न बैंक प्रतिवद्ध रहने ।
- सदस्य सहकारी संघ/संस्थाहरुलाई सर्वसुलभ तथा छिटो, छरितो सेवा उपलव्ध गराउन र शाखा/उपशाखा कार्यालयहरुको कारोवारलाई समेत थप व्यवस्थित गर्ने उदेश्यले बैंकको केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुरमा स्थापना गर्ने र हाल वानेश्वरमा रहेको कार्यालयलाई शाखा कार्यालयमा रुपान्तरण गरिने ।

**बैंकका भावी कार्ययोजनाहरु :-**

- समयमा नै कर्जा तिर्ने असल ऋणी संघ/संस्थाहरुको पहिचान गरी असल ऋणी सदस्यहरुलाई परिचय पत्र दिने व्यवस्था गर्ने ।
- राष्ट्रिय सहकारी बैंक ऐंन निर्माण गर्न पहल गर्ने ।
- राष्ट्रिय बजेट बाट सहकारी क्षेत्रमा प्राप्त हुने सबै प्रकारको बजेट यस बैकमा जम्मा गरी परिचालन गर्ने व्यवस्था मिलाउन सम्बन्धीत निकायहरु सँग पहल गर्ने ।
- सरकारद्धारा विपन्न वर्गलाई लक्षित गरेर संचालन गर्ने सबै प्रकारका कोषहरु ( ग्रामिण स्वावलम्वन, बैदेशिक रोजगार, गरिवी निवारण, लघुवित्त आदि) मा सरकारको समेत सहयोगमा सहकारी बैंक मार्फत परिचालन गर्न पहल गर्ने ।
- सदस्य सहकारी संघ/संस्थाहरुलाई शिक्षा र तालिमको माध्यमबाट व्यवसायिक तथा प्राविधिक सहयोग प्रदान गरी थप सक्षम एवं प्रतिस्पर्धी बनाउने ।
- आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुको नियमन, अनुगमन तथा सुपरिवेक्षणको कार्य गरी सहकारी क्षेत्रको बैकिंङ्ग प्रणालीलाई व्यवस्थित गराईने ।
- अन्तर सहकारी विल भूक्तानी स्वदेशी Remittance र विदेश बाट प्राप्त हुने Remittance भुक्तानीको लागि आवश्यक व्यवस्था मिलाउने ।
- सहकारी लघुवित्त कार्यक्रमको थालनी गर्ने तथा विमा सम्बन्धी कार्यक्रमहरु संचालनमा ल्याउन प्रयत्न गर्ने ।
- सरकारसँग यस बैकको थप शेयर खरिद गराउनको लागि र लगानी तथा अनुदान सहयोगको लागि पहल जारी राखिने ।
- सहकारीका राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरुमा सम्बन्धको विकास र सहकार्य गर्दै आई. सि. बि. ए.को सदस्यता प्राप्ति गर्नको लागि पहल गरिने ।
- सहकारीमा आबद्ध सदस्य, कर्मचारी लगायत अन्य सरकारी, गैर सरकारी संघ/सस्थाहरुको समेत निक्षेप लिने व्यवस्थाको लागि पहल गर्ने ।
- कर्जा लगानी प्रकृयालाई थप चुस्त, दुरुस्त, पारदर्शी एवं सरल बनाईने छ । साथै राष्ट्र बैंकले तोके बमोजिमको चुक्ता पूँजी निर्माण भईसकेपछि कर्जा लिदा अनिवार्य खरिद गर्नुपर्ने ५ प्रतिशत शेयर रकमलाई कम गर्ने नीति अवलम्बन गरिने ।

- बैंकको चुक्ता पूँजी वृद्धिको लागि सर्म्पूण सहकारी संघ/संस्थाहरुलाई शेयर खरीद गर्न, थप शेयर खरिद गर्न र नेपाल सरकारका तर्फबाट समेत शेयर थप गराउने प्रयासमा लविङ्ग तथा दवाव श्रृजना गर्ने र शेयर तथा कारोवारलाई बृद्धि गर्न सहकारी आन्दोलनका पक्षहरु सँग अन्तक्रिया र छलफल गरी सरकार र नेपाल राष्ट्र बैंक सँग आवश्यक समन्वय गरि नेपाल राष्ट्र बैंकले तोके बमोजिमको पूँजी वृद्धि गर्ने कार्यलाई देशव्यापी रुपमा प्रचार-प्रसार गरि आवश्यक सहयोग गर्न सम्पूर्ण सदस्यहरुमा अपिल गरिने ।

- बैंकका गतिविधिहरुलाई तिब्रता दिन सदस्य संघ/संस्थाहरुलाई उपयोगी हुने गरी पत्रिका प्रकाशन, शिक्षा तथा तालिम, पेशागत विकाश कार्यक्रम र आपसी सहयोग कार्यक्रम बैंकको वेभसाईट मार्फत सूचनाहरु आदान प्रदान लगायतका कार्यक्रमहरुमा सम्बन्धित पक्षहरु संगको सहयोग र सहकार्यमा अगाडि बढाईने ।

- सहकारी क्षेत्रको विकासका लागि सरकारको नीति निर्देशन र ऐनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ/संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग गर्न र यसको प्रत्यक्ष प्रतिफल सहकारी संघ/संस्थाहरुमा आवद्ध लाखौं सदस्यहरुसामु पुऱ्याउनका लागि एक भरपर्दो एवं प्रभावकारी सहकारी सञ्जालको रुपमा कार्य गरिने ।

- देशभरीका बैंकको शाखा /उपशाखा कार्यालयहरुबाट चेकको भूक्तानी हुनेगरि ABBS सेवा क्रमश लागु गर्दै जाने ।

- आ. व. २०६६/६७ को नाफा बाट शेयर सदस्यहरुलाई ९ प्रतिशत लाभांश वितरण गरिने व्यवस्था गरिएको छ । आगामी बर्षमा नाफामा वृद्धि गरी शेयर सदस्यहरुलाई थप लाभांश वितरण गरिने कार्यमा प्रतिवद्धता व्यक्त गर्दछौं ।

- यस बैंकलाई सहकारी क्षेत्रको एक मात्र केन्द्रिय बैंकिङ्ग निकायको रुपमा विकास गर्ने हाम्रो मुख्य उदेश्य भएकोले सोही बमोजिम सहकारी क्षेत्रका सबै सरोकारवाला निकायहरुसँग समन्वय गरेर व्यापक कार्य योजनाको निर्माण गरी कार्य गर्ने ।

सहकारी संघ/संस्थाहरुको व्यवसाय सीमित आय भएका समुदायभित्रका सदस्यहरुवाट सञ्चालित व्यवसाय भ को हुनाले ती संघ/ संस्थाहरुसंग आवद्ध सदस्यहरु मार्फत आय आर्जन एवं अन्य उत्पादनशील क्षेत्रमा हुने ीय स्रोत तथा साधनको माग वमोजिम आपूर्ति गर्न सक्षम हुन नसकिरहेको वर्तमान अवस्थामा ती संघ/संस्थ रुलाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत नताको आर्थिक तथा सामाजिकस्तर माथि उठाउन सहयोग पुऱ्याउने हुनाले सहकारी क्षेत्रको प्रवर्द्धन र विक सका लागि राष्ट्रिय सहकारी बैंकको आवश्यकता र महत्व अपरिहार्य रहेको कुरा सबैका सामु छर्लङ्ग छ ।

**आदरणीय प्रतिनिधि मित्रहरु,**

सहकारी बैंकले सातौ बार्षिक साधारणसभा सम्म आईपुग्दा लामो समय देखिको हाम्रो प्रयास केहि हदसम्म सफल भएको छ । मिति २०६७ श्रावण १० गते नेपाल राष्ट्र बैंकबाट यस बैंकलाई **सिमित बैंकिङ्ग कारोवार गर्न स्वीकृती** प्रदान गरेको छ । हामी तमाम सहकारी कर्मीहरुको लागि यो ठूलो खुसीको खबर पनि । नेपाल राष्ट्र बैंकले स्वीकृती प्रदान गर्नुको साथै विभिन्न शर्तहरु पनि तोकेको कारण हामी आजैको सभाबाट विनियममा संशोधन पनि गर्दैछौ । अहिले हामीलाई थप जिम्मेवारी बोध भएको छ । हामी जिम्मेवारीका साथ कार्य गरी मुलुकमा स्थापना भएका सबै प्रकृतीका सहकारी संघ/संस्थाहरुलाई सहकारी बैंकमा आवद्ध गराउन उचित वातावरणको निर्माण गर्ने दिशामा अगाडी बढेका छौ ।

गत आ.व. मा सरकारले यस बैंकलाई रु.१ करोड विनियोजन गर्नुका अतिरिक्त आगामी बजेट मार्फत शेयर, लगानी तथा अनुदानमा वृद्धि गर्दै लैजाने प्रतिबद्धता प्राप्त भएको थियो । सोही बिषयमा हामीले सरकार सँग पटक पटक कुराकानी पनि गरेका थियौ । यति हुँदा पनि आ.व. २०६७/६८ को बजेटमा राष्ट्रिय सहकारी बैंकको विषयमा बजेट मौन नै रहेको पाईयो । यसमा हामी तमाम सहकारी कर्मीहरु दुःखीत हुन पुगेका छौ । सरकारले

यति ठूलो संभावना बोकेर अगाडि आएको यस बैंकलाई उचित संरक्षण र प्रवर्द्धनको लागि कार्य गर्ने छ भन्ने हाम्रो सोच पनि छ । हामी सरकार समक्ष फेरि पनि अनुरोध गर्दछौ कि हामीलाई उचित वातावरणका साथ सहयोग गरियोस । सहकारी क्षेत्रलाई अन्तरिम संविधानमा व्यवस्था गरिए बमोजिम राष्ट्र निर्माणको लागि तेस्रो आर्थिक स्तम्भको रुपमा स्वीकार गरेको छ । मुलुकमा स्थापना भएका २१ हजार भन्दा बढि सहकारी संघ/संस्थाहरुले पनि सहकारी क्षेत्रलाई नेपालको गरिवी निवारणको दिशामा आफुलाई अग्रसर गराउदै लगेको वर्तमान स्थितीले पनि यहि कुरालाई संकेत गरेको छ । यस आ. व. को बजेटले समग्र सहकारी क्षेत्रलाई उत्साहित गर्न सकेको छैन । सहकारी क्षेत्रको व्यापकतालाई लत्याएर कुनै पनि काम गरियो भने यसको व्यापकता माथि कुठाराघात गरिएको महशुस हुनेछ । हामीले यस क्षेत्रबाट पटक पटक उठान गरेका समस्याहरुलाई सम्वोधन गर्ने कार्य होस भन्ने सरकार र सम्बन्धित निकायहरुसँग अपेक्षा गर्दछौं ।

उच्चस्तरीय कार्यदलको वैठकबाट नयाँ संविधानमा **सार्वजनीक, सहकारी र निजिक्षेत्रको विकास र सहभागीता सहितको राष्ट्रिय अर्थ नीति** राख्न दलहरु सहमत भएको खबरले हामीलाई अत्यन्त खुशी पनि तुल्याएको छ । अहिलेको सन्दर्भमा राष्ट्रिय अर्थतन्त्रको मियोको रुपमा विकशित हुदै आएको सहकारीक्षेत्रको सहभागीता विना राष्ट्रिय अर्थतन्त्र बलियो हुन नसक्ने बिषयमा हामीले विगत देखि वहस-पैरवी गर्दै आएका पनि हौ । तमाम् जनताको आर्थिक समुन्नतीको लागि सहकारी क्षेत्रको तर्फबाट हामी पूर्णरुपले भूमिका निर्वाह गर्न तयार रहेको बिषयमा प्रतिवद्धता समेत जाहेर गर्दछौ ।

**आदरणीय प्रतिनिधि मित्रहरु,**

विद्यमान राजनैतिक अस्थिरता, तरलताको अभाव, विश्वव्यापी रुपमा फैलिएको आर्थिक मन्दी, शेयर वजारमा देखापरेको नैराश्यपूर्ण अवस्था लगायत बिभिन्न प्रकारका व्यवधान बावजुद पनि प्राप्त सिमित श्रोत र साधनको अधिकतम् प्रयोग गरी बैंकले आफ्नो निर्दिष्ट उद्देश्यका साथ कार्य गर्दै आएको छ । कम खर्च गरी अत्याधिक नाफा आर्जनका अतिरिक्त सदस्यहरुको सेवाग्रही भएर कार्य गर्ने हाम्रो लक्ष्य भएता पनि भौगोलिक विकटता, पर्याप्त सूचना संप्रेषणमा कठिनाई, कानुनी अड्चन आदिका कारण सबै सहकारी सँघ/संस्थाहरुका बिचमा अझै पनि यो बैक पुग्न सकिरहेको अवस्था छैन । हाम्रो चाहना मुलुक भरी दर्ता भएका सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई सदस्यता प्रदान गरी यस बैंकको कारोवारमा आवद्ध गराउने हो । तसर्थ सबै उपस्थित महानुभावहरुमा सबै सहकारी संघ/संस्थाहरुलाई यस बैंकको शेयर खरिद गरी सहकारी बैंक मार्फत बैकिङ्ग कारोवार गर्न/गराउन सहयोग गरिदिनु हार्दिकतापूर्वक हामी अपिल गर्न चाहन्छौं ।

अन्त्यमा,

नेपाल सरकार, नेपाल राष्ट्र बैंक ,सहकारी विभाग राष्ट्रिय सहकारी संघ,राष्ट्रिय सहकारी विकाश वोर्ड, सल्लाहकारज्यूहरु, केन्द्रीय सहकारी संघहरु, जिल्ला सहकारी संघहरु, विषयगत सहकारी संघहरु, बैंकका निक्षेप कर्ता एवं शेयरधनि सदस्य सहकारी संघ/संस्थाहरु, समिति तथा उपसमितिका पदाधिकारीहरु, एवं बैकका कर्मचारी लगायत यस क्षेत्रमा कार्यरत सम्पूर्ण सहकारीकर्मीबाट प्राप्त सहयोग, सल्लाह र सुझावप्रति हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दै भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु । बैंकका हरेक गतिविधिहरुलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याई सहयोगी भूमिका निर्वाह गरिदिने संञ्चारजगतका पत्रकारमित्रहरु, बैंकलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने सम्पूर्ण शुभेच्छुकहरु प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

जय सहकारी ।

मिति :-२०६७/पौष २४ गते शनिवार ।

बनेपा पार्टी भेन्यू, वनेपा-६ काभ्रे ।

# राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीद्वारा प्रस्तुत वजेट तथा प्रगती प्रतिवेदन २०६७

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सातौं वार्षिक साधारणसभाको अध्यक्षता गरीरहनु भएका सभाका अध्यक्षज्यू, आदरणीय प्रमुख अतिथिज्यू, बैंकका सल्लाहकारज्यूहरु, विशिष्ठ अतिथिज्यहरू, अतिथिज्यूहरु, मञ्चमा आसिन विशिष्ट पाहुनाहरु, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, विभिन्न उपसमितिका पदाधिकारीहरुज्यूहरु, बैंकको शेयर खरिद गरी देशको विभिन्न भू-भागका सहकारी संघ/संस्थाहरुबाट पाल्नु भएका यस बैंकका शेयर सदस्य प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु, सभामा उपस्थित सम्पूर्ण महानुभाव तथा पत्रकार बन्धुहरु सवैमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादनका साथै हार्दिक स्वागत गर्दछु ।

**आदरणिय प्रतिनिधिज्यूहरु,**

सहकारी मूल्य मान्यताको आधारमा छुट्टै पहिचान कायम राखी सहकारी क्षेत्रको एक मात्र बैकको रुपमा सहकारी कर्मीहरु सबैको प्रयासले यस बैकको स्थापना भई नाफामूलक रुपमा संचालन भएको सातौं वर्ष पूरा भएकोमा हामी सबैले गर्व गरेका छौं । यसरी हामी सहकारीकर्मीहरुद्धारा स्थापित बैकलाई नेपालको अन्य विभिन्न प्रकृतिका ठूला बैकहरुसंग प्रतिस्पर्धा गर्दै आफूलाई बैंकिङ्ग क्षेत्रमा स्थापित गर्न यथाशक्य प्रयास निरन्तर रहनु आवश्यक हुन्छ ।

**बर्तमानमा नेपालको बैकिङ्ग क्षेत्रको स्थिति :-**

नेपालको बैकिङ्ग क्षेत्रमा आएको उदार नीतिका कारण देशमा २०६६/६७ सम्म २८ वटा बाणिज्य बैक, ८३ वटा बिकास बैक, ७९ फाइनान्स कम्पनी स्थापित भैसकेका छन् । बैकिङ्ग क्षेत्रको कूल कारोवार हेर्दा आ.ब. २०६६/६७ सम्म निक्षेप रु. ६८४ अरब रहेको छ भने श्रोत परिचालन तर्फ कर्जा लगानी रु.६२९ अरब रहेको छ । एकल धुब्रीय अबस्थामा विश्वलाई नेतृत्व गरिरहेको अमेरिकावाट शुरु भएको आर्थिक मन्दीले धेरै मूलुकलाई प्रभावित गर्दा पनि हाम्रा छिमेकी देश चीन र भारतले यस अवस्थामा पनि उच्च आर्थिक बृद्धिदर कायम राख्न सफल भएका छन् तर यस अवस्थावाट नेपालले लाभ लिन सकेको छैन ।

मूलुक अहिले राजनैतिक संक्रमणको अबस्थामा रहेको छ । जव सम्म राजनैतिक स्थिरता हुदैन, देशको कुनै पनि क्षेत्रको विकास गर्न सकिदैन । संक्रमणको अवस्थाले गर्दा देशमा बढेको द्वन्द र अवरोधका कारण उत्पादनशील कार्यमा लगानी नभई अनुत्पादक क्षेत्रमा लगानी भएकोले गर्दा बजार मूल्यमा अत्यधिक बृद्धि भई देशका आमनागरिक आर्थिक भार खेप्न बाध्य भएका छन् । अनुत्पादनशील क्षेत्रको लगानीले गर्दा बैकको तरलताको स्थिति मै असन्तुलन आएकोले नेपाल राष्ट्र बैकले कर्जाको Portfolio मा घरजग्गाको कारोवारको अनुपात निर्धारण गरी सबै बैंक तथा वित्तीय संस्थालाई सो सीमा भित्र कारोवारलाई व्यवस्थित गर्न निर्देशन जारी गरेको छ ।

बर्तमान अबस्थामा राज्यले आर्थिक नीतिमा सहकारी क्षेत्रलाई ३ आर्थिक स्तम्भ मध्ये एक स्तम्भको रुपमा अवलम्बन गरेकोले सहकारी क्षेत्र पनि निजी क्षेत्र जस्तै हैसियतमा पुग्न सक्ने ठूलो अवसर पनि प्राप्त भएको छ । यस अवसरलाई हामी सवै मिलि सदुपयोग गर्दै हाम्रा सबै प्रकृतिका संघ/ संस्थाहरु एकजुट भई हामी सबैको साझा यस बैकको वित्तीय अवस्थालाई बलियो बनाऔं । सहकारी बैक बलियो भयो भने देशको केन्द्रीय बैकले अन्य बैकलाई अप्ठ्यारो परेका बेला सहयोग गरे जस्तै यो बैक पनि सवै सहकारी संस्थालाई टेवा दिन सकोस भन्ने अभियानकासाथ सबैलाई यस बैकको गतिविधिमा सरिक हुन आव्हान समेत गर्दछु ।

### मानव संसाधन

केन्द्र तथा शाखा/उपशाखा गरी जम्मा व्यवस्थापकीय तहमा २ जना, अधिकृत तहमा २ जना, सहायक तहमा ३९ जना र चालक, सहयोगी तथा सुरक्षा गार्ड तहमा १८ जना गरी जम्मा ६१ जना कर्मचारीहरु कार्यरत रहेका छन् । विद्यमान बैंकिङ प्रतिस्पर्धात्मक वातावरणमा सफल हुनका लागि योग्य कर्मचारीहरु छनौट गर्ने पद्धति यस बैंकले लिएको छ । बैंकले अपेक्षा गरे अनुसारको प्रतिफल लिन राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र उचित सुविधाहरु दिई काम प्रति कर्मचारीहरुलाई उत्प्रेरित गर्ने नीति अवलम्वन गरेको छ । सदस्य संघ संस्थालाई राम्रो छिटो छरितो सेवा दिनका लागि बैंकमा कार्यरत जनशक्तिको दक्षता अभिवृद्धिका लागि आवश्यक पर्ने तालीमहरुको व्यवस्था गरिएको छ ।

### आन्तरिक नियन्त्रण प्रणाली

बैंक सञ्चालन गर्ने क्रममा कारोवारवाट हुन सक्ने जोखिमहरुलाई न्युन गर्दै आन्तरिक व्यवस्थापनलाई चुस्त दुरुस्त राख्न कर्मचारी प्रशासन नियमावली, कर्जा नियमावली, आर्थिक प्रशासन नियमावली, शाखा/उपशाखा व्यवस्थापन निर्देशिका, विना धितो कर्जा निर्देशिका, बचत तथा लगानी निर्देशिका लगायतका आवश्यक निर्देशिकाहरु बनाई लागु गरिएको छ । साथै बैंकको काम कारवाहीहरु आन्तरिक नियन्त्रण प्रणाली बमोजिम व्यवस्थित गर्न स्वतन्त्र लेखा समितिको व्यवस्था भएकोले सो समितिवाट आन्तरिक नियमन तथा नियन्त्रणका कामहरु हुने व्यवस्था मिलाईएको छ ।

### संस्थागत सुशासन

बैंकको संस्थागत सुशासन उच्च महत्वका साथ कायम राख्नका लागि संचालक समिति र बैंक व्यवस्थापन पूर्ण रुपमा प्रतिबद्ध छ । संचालक समितिका काम कारवाहीहरु लगायत बैंकका सबै क्रियाकलापहरु स्वतन्त्र एवं पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकाश गर्न बैंक सदा क्रियाशील रहेको छ । सहकारी विभाग, नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरुवाट समय समयमा जारी भएका नीति निर्देशनहरुलाई बैंकले पूर्ण रुपमा पालन गरिरहेको छ र भविश्यमा समेत पालन गर्न बैंक व्यवस्थापन प्रतिबद्ध रहेको छ । सदस्य संघ/संस्थासंग मात्र बैंकिङ्ग कारोवार गर्ने सीमितताले गर्दा कारोवारका लागि चाहिने श्रोत अपर्याप्त हुनु, प्राप्त भएको श्रोत दीर्घकालिन नहुनु तथा सहकारीको ऐच्छिक सदस्यताको मान्यता वमोजिम सबै सहकारी संघ/संस्थाहरु आबद्ध नहुनु जस्ता कारणका बावजुद सफलतापूर्वक यस बैकले हाल सम्म गरेको प्रगती विवरण यस गरीमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**बैंकको वि ा विवरण** (रकम रु हजारमा)

| शिर्षक | आ.व. ०६०/६१ | आ.व. ०६१/६२ | आ.व. ०६२/६३ | आ.व. ०६३/६४ | आ.व. ०६४/६५ | आ.व. ०६५/६६ | आ.व. ०६६/६७ |
|---|---|---|---|---|---|---|---|
| चुक्ता शेयर पुजिं | ३३,७३१ | ३८,७१६ | ४,४८८ | ५३,७०२ | ६१,४६९ | १३०,९७७ | १५३,००७ |
| जगेडा तथा बचत | - | १० | ३६ | २,६२९ | ५,५१५ | ११,६३९ | ८,४६२ |
| कुल निक्षेप | - | ५६,२२७ | ११८,६३८ | १७६,८४७ | ३०७,०५२ | ३७५,२७७ | ६५६,५४६ |
| अल्पकालीन ऋण | - | - | - | - | ६,५०० | ८,००० | १९,००० |
| अन्य दायित्व | ३७८ | ४३४ | ८३० | ३,९५६ | ९,७५० | ७९,९४४ | ८९,३०३ |
| नगद तथा बैंक मौज्दात | १३०,७७३ | ३२,९४७ | २५,०७३ | ८६,९१७ | १०७,२३२ | १८१,९३० | २८९,००८ |
| कर्जा तथा सापट | ३४९ | ५८,७८९ | १३६,०८३ | १४७,७०९ | २५६,९५४ | ३२९,६६४ | ५३८,०४६ |
| लगानी हिसाब | - | - | - | - | १८,६०५ | १५,१०५ | २३,३६७ |
| स्थिर सम्पत्ती | १,०६१ | २,०६३ | १,८०४ | १,४०२ | १,१६० | १,७९४ | ७२७० |
| अन्य सम्पत्ती | ९२४ | १,५८७ | १,४२९ | १,१०६ | ६,३३५ | ७७,३४२ | ६८,८२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| लाभाशं प्रतिशत | - | - | - | ४ | ६ | ९ | ९ |
| कुल आम्दानी | १,९१४ | ४,७८४ | १०,४७८ | १४,९९६ | २२,८९४ | ३३,१९६ | ६०२९१ |
| कुल खर्च | २,८३९ | ४,७७४ | १०,४५२ | १२,४०४ | १८,३३७ | २३,५७२ | ३९६६७ |
| नाफा (नोक्सान) | -९२५ | १० | २६ | २,५९२ | ४,५५७ | ९,६२४ | २०,६२४ |
| सदस्य संख्या | ७८९ | १,०२८ | १,१४० | १,२६६ | १,४४० | १,८५० | २,४०० |

## आगामी वर्षको वजेट

बैंकले हासिल गरेको प्रगति र आगामी आर्थिक वर्ष ०६७/६८ को वजेट तथा कार्यक्रम निम्न बमोजिम प्रस्तुत गर्दछु

### आ. व. ०६७/६८ को लागि प्रस्तावित कार्यक्रम तथा बजेट

**पूजीं तथा दायित्व**

| शिर्षक | ०६६/६७ को लागि प्रस्तावित | ०६६/६७ को वास्तविक | ०६७/६८ को लागि प्रस्तावित |
|---|---|---|---|
| चुक्ता शेयर पुजिं | ३३०,००० | १५३,००७ | २५०,००० |
| जगेडा तथा बचत | ६०,३३८ | ८,४६२ | १०,५४३ |
| कुल निक्षेप | १,१५०,००० | ६५६,५४६ | ९८०,००० |
| अल्पकालीन ऋण | ० | १९,००० | ३०,००० |
| अन्य दायित्व | २००,००० | ८९,३०३ | १२३,४४५ |
| **कुल पूजिं तथा दायित्व** | **१,७४०,३३८** | **९२६,३१८** | **१,३९३,९८८** |

**सम्पत्ती**

| शिर्षक | २०६६/६७ को लागि प्रस्तावित | ०६६/६७ को वास्तविक | २०६७/६८ को लागि प्रस्तावित |
|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | २८७,५०० | २८९,००८ | ३६१,२६० |
| अन्य सम्पत्ती | ९,५०० | ६८८२५ | ९४,०९९ |
| लगानी हिसाब | ० | २३,३६७ | २६,०७५ |
| कर्जा तथा सापट | १,४२६,००० | ५३८,०४६ | ९००,००० |
| स्थिर सम्पत्ती | १७,३३८ | ७२७० | १२,५५४ |
| **कुल सम्पत्ती** | **१,७४०,३३८** | **९२६,३१८** | **१,३९३,९८८** |

**आम्दानी तर्फ**

| शिर्षक | २०६६/६७ को लागि प्रस्तावित | ०६६/६७ को वास्तविक | २०६७/६८ को लागि प्रस्तावित |
|---|---|---|---|
| कर्जाबाट व्याज | १२५,००० | ४४२०९ | ८५,००० |

| | | | |
|---|---|---|---|
| बैंकबाट व्याज | २५,००० | ८८७७ | २५,००० |
| प्रक्रियागत शुल्क | १२,००० | २८१२ | ५,००० |
| प्रवेश शुल्क | ६०० | २६७ | ५०० |
| अन्य आम्दानी | ८,००० | ५७६ | ५,००० |
| शाखा/उपशाखा आम्दानी | ५०० | १०२६ | ५,००० |
| रेमिट्यान्स आम्दानी | | २,५२४ | २०० |
| **कुल आम्दानी** | **१७१,१००** | **६०२९१** | **१२५,७००** |

खर्च तर्फ

| शिर्षक | २०६६/६७ को लागि प्रस्तावित | ०६६/६७ को वास्तविक | २०६७/६८ को लागि प्रस्तावित |
|---|---|---|---|
| व्याज खर्च | ८०,५०० | २५९६२ | ४०,००० |
| कर्मचारी खर्च | ६,४४२ | ४७७४ | ११,७७० |
| कार्यालय संचालन खर्च | ११,९१५ | ७२४३ | १८,३०० |
| प्रवर्द्धनात्मक तथा कार्यक्रम खर्च | १,००० | २६९ | १,००० |
| जोखिम व्यवस्था कोष खर्च | १०,००० | १४१९ | ४,००० |
| सदस्यता शुल्क खर्च | ५०० | ० | ५०० |
| **कुल खर्च** | **११०,३५७** | **३९६६७** | **७५,५७०** |

**नाफा ( नोक्सान )**

| शिर्षक | २०६६/६७ को लागि प्रस्तावित | ०६६/६७ को वास्तविक | २०६७/६८ को लागि प्रस्तावित |
|---|---|---|---|
| कुल आम्दानी | १७१,१०० | ६०२९१ | १२५,७०० |
| कुल खर्च | ११०,३५७ | ३९६६७ | ७५,५७० |
| **कर अगाडि नाफा (नोक्सान)** | **६०,७४३** | **२०,६२४** | **५०,१३०** |

**शेयर सदस्य**

| विवरण | ०६५/६६ को प्रस्तावित | ०६६/६७ को वास्तविक | २०६७/६८ को लागि प्रस्तावित |
|---|---|---|---|
| सदस्य संख्या | २,५०० | २,४०० | ३,००० |

अनुसुची १

**कर्मचारी खर्च** (रु हजारमा)

| शिर्षक | आ व ०६६/६७ प्रस्तावित | ०६७ आषाढ को वास्तविक | ०६७/६८ को लागि प्रस्तावित | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| तलब भत्ता | ५,१५१ | ३६०० | ८,००० | शाखा तथा उपशाखा थप भै कर्मचारी थप हुने भएकोले |
| संचयकोष | १९१ | ९० | १०० | |
| दशै खर्च | ३२६ | १७७ | ६०० | |
| यातायात खर्च | २६५ | १६८ | ५०० | |
| पोसाक खर्च | १४८ | ८५ | ७०० | |
| महंगी भत्ता | | २८५ | ९०० | |
| ओभर टाइम | | २९ | १०० | |
| तालिम खर्च | ३०० | १८६ | ३०० | |
| विदाको रकम खर्च | २०० | ० | ४०० | |
| औषधी उपचार खर्च | ० | ५३ | १०० | |
| दुर्गम भत्ता | | २१ | ० | |
| उपदान कोष व्यवस्था खर्च | १६० | ५० | ७० | |
| **जम्मा** | ६,४४१ | ४७४४ | ११,७७० | |

अनुसुची २

**कार्यालय सन्चालन खर्च**

| शिर्षक | आ व ०६६/६७ प्रस्तावित | ०६७ आषाढ को वास्तविक | ०६७/६८ को लागि प्रस्तावित | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| घरभाडा | १,३५० | ८०८ | २,००० | शाखा तथा उपशाखा कार्यालयहरु थपहुने भएकोले बृद्धि गरिएको । |
| विमा | २०० | १२६ | ५०० | |
| पानी बत्ति | १३५ | ८८ | २०० | |
| तार, टिकट, टेलिफोन | ५०० | २५६ | ५०० | |
| छपाई तथा मसलन्द | ६०० | ४२६ | ८०० | |
| पत्रपत्रिका | ७० | ३९ | १०० | |
| विज्ञापन तथा प्रर्वद्धन | ३५० | २१८ | ४५० | |
| सुरक्षा | ४०० | १८५ | ५०० | |
| दैनिक तथा भ्रमण खर्च | ६०० | ३०३ | ६०० | |
| अतिथि सत्कार | ४३० | २४९ | ५०० | |
| साधारण सभा खर्च | १,५०० | ९१६ | १,५०० | |
| संचालक समिति खर्च | १,५०० | ८५१ | १,५०० | |
| अन्य समिति खर्च | १९० | ८८ | २५० | |
| मर्मत संभार खर्च | ३५० | २७५ | ४०० | |
| लेखापरिक्षण खर्च | ९० | ४० | १०० | |

| | | | |
|---|---|---|---|
| इन्धन खर्च | ४०० | ० | ४०० |
| ह्रासकट्टी खर्च | १,२०० | १०९२ | २,००० |
| पूर्व संचालन तथा शाखा विस्तारअपलेखन खर्च | ५५० | २७८ | ५०० |
| ने रा बैंक रजिष्ट्रेशन | | ६४ | ० |
| फण्ड ट्रान्सफर शुल्क | | ८०८ | ५,००० |
| विविध खर्च | २०० | १३३ | ५०० |
| **जम्मा** | **११,९१५** | **७२४३** | **१८,३००** |

**आदरणीय प्रतिनिधिज्यूहरु**

यस साधारण सभामा संचालक समितिको तर्फबाट पेश गरिएका प्रस्तावित कार्यक्रम तथा बजेट र प्रगति प्रतिवेदनहरु माथि आवश्यक छलफल गरी सुझाव सहित पारित गरिदिनहुनका लागि अनुरोध गर्दछु । बैंकको व्यवस्थापकीय कार्यमा सहयोग पुऱ्याई बैंकलाई यस अवस्था सम्म ल्याउनको लागि आ-आफ्नो स्थानबाट योगदान दिनुहुने बैंकका सल्लाहकारज्यूहुरु, संचालक समिति, लेखा समिति तथा उपसमितिका पदाधिकारीज्यूहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ, केन्द्रीय संघहरु, जिल्ला संघहरु, प्रारम्भिक संस्थाहरु, सहकारी अभियानका नेतृत्व वर्ग तथा सहकारी विज्ञ, लेखक, पत्रकारहरुका साथै कर्मचारीहरु सबैंलाई सम्मान तथा आदरका साथ धन्यवाद दिन चाहन्छु ।

जय सहकारी
२०६७ पौष २४ गते ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको सातौं वार्षिक साधारणसभामा प्रस्तुत लेखा समितिको प्रतिवेदन-२०६७

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, राष्ट्रिय सहकारी बैंकका सञ्चालक ज्यूहरु, सल्लाहकारज्यूहरु, सदस्य संस्था/संघका प्रतिनिधि तथा सञ्चारकर्मी मित्रहरु साथै राष्ट्रिय सहकारी बैंक लिमिटेडको गरिमामय सातौं वार्षिक साधारणसभा सफल पार्न पाल्नु हुने सम्पूर्ण महानुभावहरुमा लेखा समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन गर्न चाहन्छौ ।

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत काभ्रे जिल्लाको सुन्दर नगरी बनेपा नगरपालिका वडा नं. ६ मा आयोजित बैंकको सातौ वार्षिक साधारणसभामा लेखा समितिको तर्फबाट बैकले आ.व. ०६६/६७ मा गरेका गतिविधि तथा लेखा सम्बन्धी विषयहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छौ । आ.व ०६६/६७ मा लेखा समितिको बैठक ४ पटक बसेको व्यहोरा जानकारी गराउन चाहन्छौ । लेखा समितिका संयोजक तथा सदस्यहरुले सञ्चालक समितिको संयुक्त बैठकमा ६ पटक सहभागिता जनाइ बैंकको प्रगतिमा सल्लाह सुझाव दिएको पनि यस सम्मानित सभामा जानकारी गराउन चाहन्छौ । महत्वपूर्ण विषयहरुमा लेखा समितिको सल्लाह सुझाव लिने सञ्चालक समितिको कार्यलाइ धन्यवाद दिन चाहन्छौ ।

**सदस्य मित्रहरु**

राष्ट्रिय सहकारी बैंक लिमिटेड स्थापना भएको छोटो अवधीमा मुलुकको प्रभावशाली संस्थाको रुपमा अगाडि आएको यहाँहरुलाई अवगत नै छ । मुलुकका झण्डै २१ हजार भन्दा वढि सहकारी संघ संस्थाको एकमात्र यस बैंकले ०६७ साउन १० गते नेपाल राष्ट्र बैकबाट सिमित बैकिंङ कारोबारका लागि स्वीकृति पाउनु, बैंक र यसमा आवद्ध संघ संस्थाका सदस्यहरुका लागि खुसीको कुरा हो । यस बैंकलाई कारोबारका लागि स्वीकृती प्रदान गरेकोमा नेपाल राष्ट्र बैंकलाई यस सम्मानित सभा मार्फत धन्यवाद ज्ञापन गर्न चाहन्छौ । मुलुकका सबै सहकारी संघ/संस्थाहरुको एकमात्र प्रतिनिधि बैंक राष्ट्रिय सहकारी बैंकले सातौ वार्षिक साधारणसभा सम्म आइपुग्दा सदस्य संघ/संस्थाहरुलाई ९ प्रतिशत मुनाफा वितरण गर्न सफल भएको छ । चौथो साधारणसभाबाट ४ प्रतिशत, पाँचौ साधारणसभाबाट ६ प्रतिशत र छैठौं साधारणसभाबाट ९ प्रतिशत मुनाफा वितरण गर्न सफल भएकोछ । यस वर्ष यो भन्दा बढी मुनाफा आफ्ना शेयर सदस्य संघ संस्थालाई दिनु पर्नेमा गत वर्षमा मुलुकमा देखिएको आर्थिक संकटका बाबजुद पनि विगतको प्रगतिलाइ यथावत राख्न सफल भएको छ । यसलाई आगामी दिनमा विस्तार गर्नका लागि सबैको सक्रिय सहभागिता रहनेछ भन्ने अपेक्षा लिएका छौ । ५ सय सदस्यबाट कारोबार शुरु गरेको बैंकमा हाल आएर २५०० संघ/संस्था सदस्य बन्नु, ६४ जिल्लामा सदस्य विस्तार गर्नु, १९ वटा शाखा/उपशाखा सञ्चालन गरी कारोबार गर्नु, सहकारी क्षेत्रको विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु जस्ता कार्यले बैक सक्षम हुदै गएको पुष्टी गर्दछ । विभिन्न चुनौतीका बावजुद पनि यसका सञ्चालकहरु, कर्मचारी लगायत सदस्य संघ/संस्थाहरुको सक्रियताका कारण नै राष्ट्रिय सहकारी बैंक आज मुलुकको आवश्यकता बन्दै गएको छ । बैंकको प्रगतिका लागि अहोरात्र खट्ने प्रवन्ध सञ्चालक सहित सम्पूर्ण कर्मचारीहरुलाई लेखा समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छौ ।

लेखा समितिले बैंकको दैनिक कारोबार व्यवस्थित गर्नुका साथै नीतिगत स्पष्टताका लागि सञ्चालक समितिलाई विभिन्न समयमा लिखित र अन्य समयमा मौखिक सुझाव दिदै आएको छ । लेखा समितिका सुझावहरुलाई सञ्चालक समितिले गंभिरताका साथ मनन गर्दै अगाडि बढेको कुरा जानकारी गराउन चाहन्छौं । सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, राष्ट्रिय सहकारी बैंकको विनियम २०५९, बैकको आर्थिक, प्रशासनिक नियमावली, साधारणसभाका निर्णय अनुसार बैंकलाई अगाडि बढाउने कार्यमा सञ्चालक समिति सक्रिय रहेको पाइएको छ र सञ्चालक समितिलाई सल्लाह सुझाव दिएर र कतिपय विषयमा ध्यानाकर्षण गराएर लेखा समितिले काम गर्दै आएको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छौं । कानुनी रुपमा बैकको कारोबारलाई साघुरो बनाइएको अवस्थामा पनि बैंकले प्रभावकारी रुपमा आफुलाई स्थापित गर्दै लगेको कुरा यसको कारोबारबाट प्रष्ट हुन्छ । आ.व २०६६/६७ को लागि गत साधारणसभाबाट पारित कार्यक्रम र अनुमानित आय व्यय वमोजिम लक्ष्यमा पुग्न कति सफल भयौ भनी हेर्दा :

| क्रस | शिर्षक | अनुमानित | यथार्थ | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर | ३३,००,०० - | १५,३०,०७ - | ४६ |
| २. | निक्षेप | १,१५,००,०० - | ६५,६५,४६ - | ५७ |
| ३. | कर्जा | १,४२,६०,०० - | ५३,८०,४६ - | ३८ |
| ४. | आम्दानी | १७११,०० - | ६०२९१ - | ४८ |
| ५. | खर्च | ११,०३,५७ - | ३९६६७ - | ५६ |
| ६. | सञ्चालन मुनाफा | ६,०७,४३ - | २,०६५४ - | ३४ |

**आदरणीय सदस्यज्यूहरु**

सहकारी बैंकले आर्थिक वर्ष २०६६/६७ मा आर्थिक, सांगठनिक तथा संस्थागत रुपमा उत्साहजनक कार्य गरेको छ । बैंकलाई राष्ट्रबैंकबाट बैकिङ्ग कारोबारको स्वीकृति लिनका लागि सञ्चालक समितिले गरेको निरन्तर प्रयासले गर्दा नयाँ आर्थिक वर्षको शुरुवातमा स्वीकृती पाउन सफल भएको छ । नेपालको अन्तरिम संविधान २०६३ मा सहकारीलाई आर्थिक मेरुदण्डको एउटा आधार उल्लेख गर्नुका साथै संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुले ***'सार्वजनिक, सहकारी र निजी क्षेत्र'*** को विकास र सहभागिता सहितको राष्ट्रिय अर्थनीति बनाउने सहमतिले पनि यो क्षेत्रलाई अझै प्रभावकारी रुपमा अगाडि बढ्न प्रेरित गरेको छ । सहकारी क्षेत्रलाई तीन खम्बे आर्थिक नीतिमा पनि मुख्य आधारस्तम्भ बनाउनका लागि सहकारी क्षेत्रले अझै प्रयत्न गर्न आवश्यक छ । सहकारी क्षेत्रलाई अगाडि बढाउने कुरामा राष्ट्रिय सहकारी संघ लिमिटेड लगायतका निकायसंग समन्वय गरेर यो बैक अगाडि बढीरहेको र आगामी दिनमा पनि सहकारी क्षेत्रलाई व्यवस्थित गराउन बैकको प्रभावकारी भूमिका रहनेछ । मुलुकभरका विभिन्न सहकारी संघ संस्थाहरु बैंकमा आवद्ध हुने तथा यसको सञ्जाल विस्तार हुने प्रक्रियासंगै बैकको प्रभावकारीता बढ्दै गएको छ । यसलाई अझै प्रभावकारी रुपमा अगाडि बढाउनका लागि निम्नानुसारका कामहरु गर्नु पर्ने सुझाव दिइन्छ :-

१. सहकारी विभागको अनुगमनमा कारोवार गर्दै आएको राष्ट्रिय सहकारी बैंकले अब नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार काम गर्नुपर्ने भएको छ । सहकारी बैंक ऐनका लागि पहल गर्ने यसका नीति नियमका बारेमा सञ्चालक, कर्मचारी लगायत सदस्य संघ/संस्थालाई जानकारी गराउन आवश्यक छ ।

२. राष्ट्रिय सहकारी बैकलाई सम्पूर्ण सहकारीहरुको पूर्ण बैंक बनाउनका लागि नीतिगत सुधारतर्फ सम्बन्धित निकायसंग समन्वय गर्नुका साथै लघुवित्त कार्यक्रमका लागि पहल गर्न आवश्यक छ ।

३. राज्यले विपन्न वर्गलाई लक्षित गरी विभिन्न वित्तीय संघ/संस्थाहरुमार्फत लगानी गर्ने राज्यका विभिन्न कोषहरु (ग्रामिण स्वावलम्बन, वैदेशिक रोजगारी, गरिवी निवारण) लाई राष्ट्रिय सहकारी बैक मार्फत लक्षित वर्गमा पुऱ्याउने तथा राज्यका तर्फबाट सहकारी क्षेत्रमा जाने सम्पूर्ण रकम राष्ट्रिय सहकारी बैंक मार्फत गराउने नीति बनाउनका लागि ज़ोडदार पहलकदमी गर्न आवश्यक छ ।

४. सदस्य बन्न नसकेका ११ जिल्लाका सहकारीहरुलाई पनि बैंकमा आवद्ध बनाई मुलुकका सबै सहकारी संस्थाहरु बैंकमा आवद्ध बनाउने, आवद्ध सबै संघ/संस्थाहरुलाई अनिवार्य रुपमा बैंकसंग कारोबार गर्ने किसिमको योजना निर्माण गर्न आवश्यक छ ।

५. बैकमा आवद्ध सहकारी संघ/संस्थाका सदस्यहरुबाट निक्षेप स्वीकार गर्न पाउने तथा अन्य बैकिङ कारोबारका लागि व्यवस्था गर्न सम्बन्धित निकायसंग पहल गर्न आवश्यक छ ।

६. बैंकको कारोबारलाई देशव्यापी बनाउन सञ्चालन गरिएका शाखा उपशाखाहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालनका लागि समन्वय, रेखदेख, निरिक्षण, निर्देशनका साथै कर्मचारीहरुको दक्षता अभिवृद्धिको लागि आवश्यकता अनसारको शिक्षा, तालिम र भ्रमणको व्यवस्था गर्न आवश्यक छ ।

७. मुलुकभरका सहकारीहरुको छाता संगठनका रुपमा विकास भएको राष्ट्रिय सहकारी बैकका बारेमा देश विदेशमा समेत प्रचार प्रसारका लागि वेभसाइटलाई व्यवस्थित गराउनुका साथै बैंकको मुखपत्र (पत्रिका) प्रकाशन गरी बैकका गतिविधिबारे जानकारी गराउन आवश्यक छ ।

८. सदस्य बढ्दै गएको अवस्था रहेकाले राष्ट्रिय सहकारी बैंकको साधारणसभामा प्रतिनिधिमुलुक सहभागिता गराउने, क्षेत्रगत रुपमा सञ्चालक छनौट गर्ने प्रावधान राख्नेतर्फ ध्यान दिनुका साथै शाखा उपशाखा सञ्चालन गर्ने उपसमितिहरुलाई तालिम, भ्रमण, गोष्ठीको व्यवस्था गर्न आवश्यक रहेको छ ।

९. नेपाल गाउँ नै गाउँले भरिएको कृषिप्रधान मुलुक हो, ग्रामिण क्षेत्रका सहकारीहरुलाई व्यवस्थित गराउने, महिला तथा विपन्न वर्गले सञ्चालन गरेका सहकारीलाई आर्थिक सहयोग पुग्ने किसिमका कार्यक्रम ल्याउने तथा सहकारी शिक्षालाई व्यापक बनाउने खालका कार्यक्रम ल्याउन आवश्यक छ ।

१०. लगानीलाई उत्पादनमुखी, उद्यम गरी सर्वसाधारणको आयस्तर माथि उठाउने क्षेत्रमा विस्तार गर्न आवश्यक छ ।

११. सहकारी क्षेत्रमा आम जनसमुदायको आकर्षणसंगै यो क्षेत्रमा गलत प्रवृतिहरु पनि देखिदै गएकाले सहकारी ऐन, नियम र मूल्य मान्यता अनुसार अगाडि बढ्ने परम्पराको थालनीका लागि राष्ट्रिय सहकारी संघ लि.संग समन्वय गर्न आवश्यक छ ।

राष्ट्रिय सहकारी बैकले ७ वर्षको अवधीमा आफुलाई क्रमशः प्रौढ बनाउदै लगेको छ । यो बैंक सम्पूर्ण सहकारी संघ, संस्था र तीनमा आवद्ध सहकारीकर्मीहरुको बैंक हो भन्ने सोचका साथ सबै सहकारी संघ/संस्थाहरुले मिलेर यसलाई प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक छ । मुलुकको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि सहकारी क्षेत्रको प्रभावकारीता बढाउने सन्दर्भमा बैंकको आकर्षण बढाउन सबैं सदस्य संघ/संस्थाहरुको भूमिकाले महत्वपूर्ण कार्य गर्नु पर्दछ । बैंकलाई सफल बनाउन नीतिगत कुरा देखि व्यवहारीक पक्षलाई सन्तुलन गर्दै सबैको सहयोग लिनेगरी समन्वय गरेर अगाडि बढ्न सञ्चालक समितिलाई सुझाव दिन चाहन्छौ । सञ्चालक समिति, उपसमितिहरु, कर्मचारी सहित सदस्य संघ/संस्थाहरुसंग समन्वय गरेर अगाडि बढ्न लेखा समिति सदैव क्रियाशिल रहनेछ ।

अन्त्यमा लेखा समितिलाई आन्तरिक लेखा परीक्षण तथा नीतिगत निर्णय र कार्यान्वयनको निरीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउने सञ्चालक समितिका अध्यक्षज्यू, प्रवन्ध सञ्चालकज्यू, सञ्चालक समिति तथा कर्मचारी वर्गमा धन्यवाद दिदै आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा राख्दछौं । साधारणसभामा उपस्थित सम्पूर्ण सदस्य संघ संस्थाका प्रतिनिधि मित्रहरु समक्ष साधारणसभामा प्रस्तुत प्रस्ताव माथि गंभिर छलफल गरी राष्ट्रिय सहकारी बैंकलाई सहकारी क्षेत्रको पूर्ण बैंक बनाउन, संस्थाको आर्थिक अवस्था अनुसार शेयर थप गर्न, सदस्यको संख्या विस्तार गर्न, केन्द्रीय कार्यालय, शाखा तथा उपशाखामार्फत नियमित कारोबार गरिदिनुहुन, बैंकका सामु आउने चुनौतीको मिलेर सामना गर्न तथा सहकारीता मार्फत कृषि प्रधान देश नेपालको विकासमा सक्रिय सहभागिता जनाउनुका अतिरिक्त मुलुकको आर्थिक परिवर्तनका लागि सहकारीलाई मुख्य विकल्पको रुपमा अगाडि बढाउन एकजुट भई कार्य गर्न अनुरोध गर्दछौ । साथै राष्ट्रिय सहकारी बैंकको उन्नतीका लागि संस्थाको नीतिगत अधिकारक्षेत्र भित्र रहेर अनुगमन कार्यमा लेखा समिति दृढताका साथ लागिरहने प्रतिवद्धता व्यक्त गर्दै लेखा समितिको प्रतिवेदन अन्त्य गर्दछौं ।

सहकारी अभिवादनसहित
धन्यवाद ।

मिति :-२०६७/पौष २४ गते शनिवार ।
